
जिल्ला प्रशासन कार्यालय रामेछापद्वारा प्रकाशित

## कोभिड-१९ मैत्री मासिक-E बुलेटिन

# बुलेटिन




वर्ष १ | २०७७ आश्विन मसान्त | अंक ३




नेपाल सरकार
गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, रामेछाप

फोन नं. ०४८-५४०१३३, ५४०३७०
Email: daoramechhap@gmail.com
Website: daoramechhap.moha.gov.np

# अन्तर जिल्ला समन्वय बैठक










रामेछाप-दोलखा    काभ्रे-सिन्धुली -रामेछाप

रामेछाप जिल्लासँग सीमाना जोडिएका दोलखा, सिन्धुली र काभ्रेपलान्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु सहितको सबै सुरक्षा प्रमुखहरु सम्मिलित अन्तर जिल्ला सुरक्षा समन्वय बैठक रामेछाप-दोलखा बिच मिति२०७७/०६/२१ र रामेछाप, सिन्धुली र काभ्रेपलान्चोक बिच मिति २०७७/०६/२३ मा सम्पन्न भयो । बैठकमा वर्तमान सुरक्षा अवस्थाको समीक्षा गरी शान्ति सुरक्षा र अपराध न्यूनीकरण विषयमा विविध निर्णय भएको छ ।

**घरमानै बसौं कोरोना भाइरसबाट आफू बचौं र अरुलाई पनि बचाऔं।**

# कारागार अनुगमन






राष्ट्रिय मानव अधिकार आयोगका माननिय सदस्य सुधीर पाठक लगायतको टोलीले मिति २०७७/०६/२२ गते विहिबार यस कार्यालयमा जिल्ला प्रहरी कार्यालय, सरकारी वकिल, जिल्ला स्थित मानव अधिकार अनुगमन समिति पत्रकार महासंघसँग कोभिड-१९ को संक्रमणमा मानव अधिकारका विविध पक्षमा छलफल भएको र सो पश्चात रामेछापमा रहेको एक मात्र कारागारको अनुगमन भएको थियो।

# कर्मचारी मिलन केन्द्र सरसफई





कर्मचारी मिलन केन्द्र सरसफाइ गरिँदै

रामेछाप जिल्लामा रहेको कर्मचारी मिलन केन्द्र केही समय यता बन्द अवस्थामा रहेकोमा पुनः मिति २०७७/०६/१५ गते सरसफाई गरीएको छ । यसलाई पुनः संचालनमा ल्याउने प्रकृया अगाडि बढेको छ ।

# जिल्ला प्रशासन कार्यालय, रामेछापको विशेष आग्रह

नजिकिदै गरेको विजया दशमीको सम्पूर्ण जिल्ला वासी महानुभावहरुमा सुख, शान्ति समृद्धि, यश ऐश्वर्यको हार्दिक शुभकामना व्यक्त गर्दछौ । यस वर्षको दशै विगतका वर्ष जस्तो आफन्त र परिवारजनमा भेलाभई मनाउन सहज नभएकोले स्वास्थ्य सुरक्षाका मापडण्डको पालनागरी जो जँहा छौं त्यहीबाट मनाउनु हुन अनुरोध छ । विजयदशमीको नाममा हुने आवत जावतले कोरोनाको उच्च जोखिम बढ्ने हुँदा सबैले आ-आफ्नो जिम्मेवारी र कर्तव्यको पालना गर्नु भई उच्च सर्तकता अपनाउन अनुरोध गर्दछौ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
रामेछाप



## मास्क लगाऔं। जीवन बचाऔं।

मास्क लगाउनुहोस्
साबुन पानीले आफ्ना हात धुनुहोस्
सुरक्षित दूरीमा रहनुहोस्

# मिति २०७७ आश्विन ०१ मा जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC)को बैठकबाट भएको मुख्य-मुख्य निर्णयहरु



DCCMC पदाधिकारी बैठक

१. अत्यावश्यक सेवा अन्तर्गतका औषधी पसल र स्वास्थ्य सामग्री विक्री गर्ने पसलहरु नियमित सञ्चालन गर्ने ।

२. स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पूरा गरेर खाद्य बस्तु, दुध, तरकारी, फलफूल, माछामासु, स्टेशनरी, इलोक्ट्रोनिक अन्य पसलहरु दिउँसो ५:०० बजे सम्म मात्र सञ्चालन गर्ने ।

**३. अन्तर जिल्ला तथा जिल्ला भित्र निजी तथा सार्वजनिक सवारी साधनहरु देहाय बमोजिमको हुने गरी सञ्चालन गर्ने।**

३.१. कुल सिट क्षमताको ५० प्रतिशत यात्रु रहने ।

३.२. भौतिक दुरी कायम हुने गरी एक पंक्तिको सिटमा १ जना मात्र यात्रु राख्ने । सिटमा बाहेक यात्रु राख्न नपाउने।

३.३. सबै यात्रुले अनिवार्य मास्क लगाउने ।

३.४. यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरसमेतको व्यवस्था गर्ने।

३.५. चालक तथा सह-चालकले मास्क,भाइजर र पञ्जा लगाउने।

३.६. सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्ने।

३.७. सार्वजनिक यातायात सञ्चालन तथा यात्रु व्यवस्थापन गर्दा स्वास्थ्य तथा सुरक्षाका मापदण्डहरुको कडाईका साथ पालना गर्नु पर्नेछ ।

*यो व्यवस्था लागू रहँदासम्म तोकिएको भाडा दरमा अधिकतम थप ५० प्रतिशतसम्म भाडा लिन सक्ने, जिल्ला भित्र सञ्चालन हुने सवारी साधन विहान ५:०० बजे देखि साँझ ६:०० बजेसम्म सञ्चालन गर्ने ।*

३.८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तयार गरेको मापदण्ड बमोजिम यातायात र यात्रु व्यवस्थापन गर्नु पर्ने छ।

४. जिल्ला भित्रिने सवारीका चालक वा सहचालकले सवारी साधनमा यात्रा गर्ने व्यक्तिहरुको नाम, सम्पर्क नं. र पुग्ने स्थानको विवरण लिखित रुपमा नाकामा बस्ने सुरक्षाकर्मीलाई दिनु पर्नेछ। सुरक्षाकर्मीले सम्बन्धित पालिका र जिल्ला प्रशासन कार्यालयमा पठाउने।

५. भारत तथा तेस्रो मुलुकबाट RT-PCR परीक्षण नगराई आएमा सम्बन्धित पालिकाले क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाउने, संक्रमित बढी भएका जिल्लाबाट आउने व्यक्तिहरु अनिवार्य रुपमा सेल्फ क्वारेन्टिनमा बस्नु पर्नेछ।

६. स्वास्थ्य मापदण्ड पालना गरी होटल, रेष्टुरेण्ट, ट्रेकिङ तथा ट्राभल्स व्यवसाय सञ्चालन गर्न दिने (होटल, रेष्टुरेन्ट बेलुका ८:०० बजे सम्म)।

७. विकास आयोजनाहरु सञ्चालनका लागि अत्यावश्यक पर्ने प्राविधिक जनशक्तिलाई आयोजना सञ्चालन गर्न सम्बन्धित मन्त्रालयको सिफारिसमा RT-PCR नेगटिभ भएको (यात्रा गर्नु भन्दा ७२ घण्टाभित्र) रिपोर्टसहित आयोजनाले व्यवस्था गरेको आवासमा अनिवार्य रुपमा रहने/बस्ने गरी जिल्ला प्रवेश गर्न अनुमति दिने ।

८. सबै कार्यालय, निकाय एवं संघ संस्थाहरुले नियमित रुपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने । कार्यालय सञ्चालन गर्दा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने/गराउने।

९. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको परीक्षण मापदण्ड/निर्देशिका बमोजिम जिल्ला स्वास्थ्य कार्यालयले सबै स्थानीय तहसँग समन्वय गरी परीक्षणको दायरा बढाउने ।

**१०. कारागारको सुरक्षा सम्बन्धमा देहाय बमोजिम गर्ने ।**

१०.१. कैदी बन्दीहरुसँग बाह्य व्यक्तिहरुको भेटघाट नियन्त्रण गर्ने ।

१०.२. नयाँ आउने कैदीबन्दीहरुलाई क्वारेन्टिनमा राख्ने, PCR Test Negative भए पश्चात मात्र अन्य कैदीबन्दीहरुसँग राख्ने व्यवस्था मिलाउने ।

१०.३. कैदीबन्दीहरुलाई अदालत/अस्पताल लैजादा स्वास्थ्यकर्मी वा सुरक्षाकर्मीले अनिवार्य रुपमा PPE Set, मास्क, ग्लोब लगाउने एवं तोकिए बमोजिम सामाजिक दुरी कायम गर्ने।

१०.४. बिरामी कैदोबन्दीलाई छुटै राखी सम्भव भएसम्म कारागार मै कार्यरत चिकित्सक/ स्वास्थयकर्मीहरुबाट उपचार गर्ने व्यवस्था मिलाउने।

१०.५. अस्पताल वा स्वास्थ्यकर्मी नभएका कारागारहरुमा जिल्ला अस्पताल वा स्वास्थ्य कार्यालयसँग समन्वय गरी प्रत्येक हप्ता कारागारमा स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाउने ।

१०.६. कारागार भित्र कुनै कैदीबन्दी संक्रमित देखिएमा कारागार परिसर भित्रै छुट्टै आइसोलेसनको व्यवस्था गरी उपचार प्रबन्ध मिलाउने ।

१०.७. कारागारमा कोभिड-१९ जोखिम न्यूनीकरणका लाग स्थानीय तह, जिल्ला अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य निकाय र अन्य सम्बन्द्ध निकायहरुसँग समन्वय गरी स्रोतसाधनको व्यवस्थापन गर्ने ।

११. जिल्लामा तैनाथ नेपाली सेनाका कोभिड-१९ संक्रमण भएका व्यक्तिहरुलाई राख्न नेपाली सेनाको व्यारेक भित्रै उपयुक्त स्थानमा ३० वेड क्षमताको आइसोलेसन सेन्टर बनाउने । उक्त आइसोलेसन सेन्टर बनाउन स्थान तथा औषधी लगायतका सामाग्रीहरु नेपाली सेनाको स्थानीय यूनिट, जिल्ला स्वास्थ्य कार्यालय तथा रामेछाप नगरपालिकाबाट समेत आवश्यक समन्वय गरी व्यवस्थापन गर्ने ।

१२. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि सबै स्थानीय तह (पालिका/वडास्तरमा), राजनैतिक दल, नेपाल रेडक्रस सोसाइटी, उद्योगी व्यवसाय, स्वास्थ्य कार्यालय, सुरक्षाकर्मीबाट जनचेतना फैलाउने ।

१३. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको स्वीकृत बमोजिम रेडियो, एफ.एम., अनलाइन, स्व-अध्ययन, दूरशिक्षा लगायतका बैकल्पिक माध्यमबाट सिकाईलाई सहजीकरण गर्ने ।

१४. देहाय बमोजिमका सेवा र कार्यहरु सञ्चालन गर्न नपाइने

१४.१. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र)

१४.२. शैक्षिक र अन्य परीक्षा सञ्चालन

१४.३. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार

१४.४. अत्यावश्यक बाहेकका सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन

१४.५. सिनेमा हल, पार्टीप्यालेस, डान्सबारलगायतका मनोरञ्जन स्थल

१४.६. सैलुन, व्यूटिपार्लर तथा स्पा

१४.७. स्वीमिङपुल, जिमखानालगायत हेल्थ क्लब

१४.८. समूहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति

१४.९. अन्तराष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणको खेल

१४.१०. दैनिक रुपमा हुने आन्तरिक नित्य पूजा बाहेक सबै प्रकारका धार्मिकस्थल तथा सामाजिक स्थल

१४.११. पुस्तकालय, संग्रहालय र चिडियाखाना ।

१४.१२. हाटबजारमा पसल/व्यवसाय सञ्चालन गर्न ।

१४.१३. सहकारीहरु मार्फत बचत संकलन गर्ने कार्य।

१५. कुनै पनि पेशा, व्यवसाय, सेवा सञ्चालन गर्दा जनस्वास्थ्य मापदण्ड र सुरक्षा मापदण्ड पालना गर्ने/गराउने, सम्बन्धित व्यक्ति, निकाय/संस्थाको कर्तव्य हुनेछ। निषेधित सेवा तथा कार्य सञ्चालन भएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।



# कार्यालय प्रमुखहरुको बैठक

## मिति २०७७ आश्विन १३ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लास्थित सर्म्पूण कार्यालयका प्रमुखहरुको बैठक सम्पन्न भई देहाय बमोजिमको निर्णयहरु



कार्यालय प्रमुख बैठक

1. विगतका बैठकहरुमा गरिएका निर्णयहरुको समिक्षा गरियो । सो अनुसार कामकारवाही नगरेका कार्यालयहरुले अविलम्व कार्य सम्पादन गर्ने ।
2. सबै कार्यालयले प्रदान गर्ने सेवाको नागरिक वडा पत्र नराखेको भए राखी त्यसको १ प्रति ४ दिन भित्र जिल्ला प्रशासन कार्यालयमा पठाउने । गुनासो/सुझाव पेटिका राखेर प्रभावकारी गुनासो व्यवस्थापनको व्यवस्था मिलाउने ।
3. घर, जग्गा, सवारी साधन लगायतको विवरण पठाउन बाँकी कार्यालयहरुले ४ दिन भित्र जिल्ला प्रशासन कार्यालयमा पठाउने ।
4. नेपाल टेलिकमको यस जिल्ला भित्रको माग अनुरुप नेटवर्कको क्षमता विस्तार, ADSL सेवा BTS जडान लगायतका माध्यमद्वारा मोवाइल, टेलिफोन र इन्टरनेटको पहुँच र गुणस्तर सुधार गर्ने व्यवस्था मिलाउने ।
5. कोभिड-१९ को संक्रमणको जोखिम न्यून गर्न सकिने उपायहरुद्वारा सेवा प्रवाहको व्यवस्था मिलाउने, फिल्डमा गएर दिन सकिने सेवा भए फिल्डमानै सेवा दिने व्यवस्था मिलाउने ।
6. आफ्ना कार्यलयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता, कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्ने, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा जोड दिने ।
7. संघ, प्रदेश तथा स्थानीय तहबाट भएका विकास आयोजना समयमै सम्पन्न नहुने, सम्पन्न आयोजनाको गुणस्तर कमजोर हुने, निर्माणमा दोहोरो लगानी पर्ने जस्ता कमी कमजोरी तथा गुनासाहरु, उजुरहरु प्राप्त हुन आएकोले कार्यालय प्रमुख/आयोजना प्रमुखले उल्लेखित विषयलाई उच्च प्राथमिकतामा राखी समयमै ठेक्का सम्झौता गर्ने, सम्बन्धित निकायसँग समयमै कार्य सम्पादन गर्ने, नियमित फिल्ड अनुगमन गर्ने, सम्बन्धित निकायसँग समन्वय गरी प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने ।
8. विकास निर्माणसँग सम्बन्धित कार्यालयले पूँजीगत खर्च बढाउन उच्च प्राथमिकतामा राखेर कार्य सम्पादन गर्ने।
9. आवश्यक काम नपरी जिल्ला बाहिर आवात जावत नगर्ने, काज तथा विदा स्वीकृत नगराई नजाने, जानै पर्ने भएमा औचित्य पुष्टि सहित जिल्ला प्रशासन कार्यालयबाट सवारी साधनको अनुमति लिई जाने, अनुमति नलिई जिल्ला बाहिर जान लागेका सवारी साधनलाई ट्राफिक प्रहरी/प्रहरी चेक पोष्टमा रहेका सुरक्षा कर्मीले रोक लगाउने । विमा नगरिएका सवारी साधनलाई सञ्चालन अनुमति उपलब्ध गराने छैन ।
10. कार्यालयका कर्मचारी सेवाग्राहीको उच्च निगरानी गरी सुरक्षित रहने उपाय अपनाउने ।
11. सम्पूर्ण कार्यालयहरुले आफ्नो Official ID मा कार्यालयको मासिक कार्य प्रगति र खर्चको विवरण सार्वजनिकीकरण गर्ने ।
12. स्वास्थ्य संस्थाबाट प्रदान गर्ने सेवा, मास्क तथा स्यानीटाइजरको मुल्य, प्रयोग र गुणस्तर सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालयले अनुगमनु गर्ने ।
13. स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउने ।

14. सबै कार्यालयहरुले जनतले सुशासनको प्रत्यक्ष अनुभूति गर्न सक्ने गरी सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शिता र सेवाग्राहीमैत्री ढंगले सञ्चालन गर्ने । सेवाग्राहीका गुनासाहरुलाई महत्व दिई उचित संबोधनको व्यवस्था मिलाउने । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउने ।
15. कर्मचारीहरुले अपेक्षित आचरण व्यवहार प्रदर्शन गरी अनुकरणीय बनाउने । कुनै कर्मचारीले गलत आचरण व्यवहार प्रदर्शन गरी जिम्मेवारीबोध नगरेको पाइएमा कार्यालय प्रमुखले विभागीय कारवाहीको लागि प्रक्रिया अगाडी बढाउने । कामकारवाहीमा पारदर्शिता कायम गर्ने, समय पालना, नियमितता जस्ता आधारभूत पक्षहरुको कडाइका साथ कार्यान्वय गर्ने ।
16. सूचनाको हक सम्बन्धि ऐन, नियम बमोजिम ३/३ महिनामा सार्वजनिक गर्ने विवरण सबैले सार्वजनिक गर्ने ।
17. जिल्ला कारागारमा कैदी/बन्दी ल्याउँदा परीक्षण गराएर मात्र ल्याउने, परिक्षणको report नआएसम्म छुट्टै राख्ने, अनावश्यक रुपमा बाहिरको भेटघाट बन्द गर्ने व्यवस्था मिलाउने ।
18. कुनै न्यायिक प्रकृया, रिट, मुद्दा मामिला मा लिखित जवाफ सम्बन्धि विषयमा समस्या भएमा सरकारी वकील कार्यालयसँग समन्वय गरी कार्य गर्ने ।

11. सबै कार्यालयहरुले जनताले सुशासनको प्रत्यक्ष अनुभूत गर्ने सक्ने गरी सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शि र सेवाग्रहीमैत्री ढंगले सञ्चालन गर्ने। सेवाग्रहीका गुनासाहरुलाई महत्व दिइ उचित सबोधनको व्यवस्था मिलाउने। सेवा प्रवाप्रवाहमा सूचना प्रविधिको प्रयोगलाई बढाउने ।
12. कर्मचारीहरुले बपेक्षित आचरण व्यवहार प्रदर्शन गरी अनुगरणीय बनाउने। कुनै कर्मचारीले गलत आचरण व्यवहार प्रदर्शन गरी जिम्मवारीबोध नगरेको पाइएमा कार्यालय प्रमुखले विभागीय कारवाहीकोलागि प्रक्रिया अगाडि बढाउने। कामकारवाहीमा पारदर्शिता कायम गर्ने, समया पालना, नियमितता जस्ता आधारभूत पक्षहरुको कडाईका साथ कार्यान्वयन गर्ने ।

## स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुसँगको समन्वय बैठक सम्पन्न भई देहाय बमोजिमको निर्णयहरु



1. विकास आयोजनाको ठेक्का सम्झौता समयमै सम्पन्न गरी पूँजीगत कार्यक्रमको कार्यान्वयन समयमै सम्पन्न गर्ने ।
2. व्यक्तिगत घटना दर्ता बढाउन उच्च प्राथमिकता दिने ।
3. बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षाभत्ता वितरणलाई प्रभावकारी सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
4. नदीजन्य पदार्थको संकलन, उत्खनन् र विक्रिको कार्ययोजना बनाई गाउँ नगरपालिकाबाट स्वीकृत गराई स्वीकृती मापदण्ड अनुरुप ठेक्का वन्दोवस्त गर्ने ।
5. कोभिड-१९ जनस्वास्थ्य सुरक्षाका मापदण्डको पालना प्रभावकारी रुपमा गराउने, अनुगमन गरी प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा पठाउने ।
6. भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीति अवलम्बन गर्ने, कार्यसम्पादनमा मितव्ययीता पारदर्शिताको अवलम्बनमा जोड दिने ।
7. भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता भवन निर्माण मापदण्ड लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको अनुगमन गरी पालना गर्ने/गराउने ।
8. पालिका भित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक भवन, जग्गा अन्य संरचना अतिक्रमण हुनबाट जोगाउने।
9. पालिकाको लेखा, महालेखापरीक्षणबाट स्वीकृत भए बमोजिमको ढाँचामा राखे, आय व्ययको विवरण मासिक सार्वजनिक गर्ने, बेरुजू शून्य पार्ने गरी कार्य सम्पन्न गर्ने ।
10. स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउने ।

# हल्दे-धोवी-सिरिसे-ढाँडे लगायतका सडक जग्गा विवाद सम्बन्धि छलफलगरी देहाय बमोजिमको निर्णयहरु



1. धोवी-ढाँडे-सिरिसे सडक आयोजनाको धोवी बजार देखि ढाँडे सम्मका विभिन्न Chaneza हरुमा उक्त सडकको ठेक्का प्राप्त गरेको निर्माण व्यवसायी श्री रामेछाप गोल्डन जे.भी.सँग भएको ठेक्का सम्झौता बमोजिम त्रुटी सच्याउने समयावधि बाँकी नै रहेको हुँदा साविकको B.O.Q. भित्रका कार्यमा सम्झौता बमोजिम तत्काल मर्मतको कार्य गर्न निर्माण व्यवसायीलाई DLPIU/GMAIL मार्फत निर्देशन दिने ।
2. उल्लेखित सडक खण्डको स्टोन सोलिङ्गसँग सम्बन्धित सबै कामको मर्मत कार्य लिखु-३ र लिखु-४ जलविद्युत आयोजनाहरु र लिखु तामाकोशी गाउँपालिकाले त्रिपक्षिय रुपमा छुटै करार सम्झौता गरी सम्पन्न गरी निर्वाध रुपमा सवारी साधन आवागमनको सुनिश्चितता गर्ने/गराउने ।
3. यस कार्यको समग्र अनुगमन, समन्वय एवं व्यवस्थापनको कार्य लिखु तामाकोशी गाउँपालिकाले गर्ने ।
4. लिखु तामाकोशी गाउँपालिका भित्रका प्रदेश सरकारको बजेटबाट सञ्चालित सडक आयोजनाहरु यथाशीघ्र सम्पन्न गर्न/गराउन प्रदेश पूर्वाधार कार्यालयलाई निर्देशन दिने ।

# विदाई कार्यक्रम



प्र.जि.अ. र स.प्र.जि.अ. द्वारा प्र.अ.अ. श्री सुवास कार्की ज्यूलाई विदाई गर्नु हुँदै

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रामेछापकाबाट सरुवा भई राष्ट्रिय अनुसन्धान विभाग, काठमाडौं जाने क्रममा रहनु भएका प्रमुख अनुसन्धान अधिकृत श्री सुवास कार्कीलाई रामेछाप जिल्ला सुरक्षा समितिद्वारा मिति २०७७/०६/१८ गते एक कार्यक्रम विच विदाई कार्यक्रम आयोजना गरिएको थियो।


# सुरक्षा निकायहरुको संयुक्त उद्दार अभ्यास कार्यक्रम








अन्तराष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस,२०७७ को अवसरमा जिल्ला सुरक्षा समिति, रामेछापद्वारा आयोजित सुरक्षा निकायहरुले संयुक्त प्रयासमा अभ्यास कार्यक्रमद्वारा सडक सवारी दुर्घटना भएको बेला उद्दार गर्ने तरिका सम्बन्धि डेमो प्रस्तुत गरिएको थियो । यसरी सवारि दुर्घटना साथै विपद्का समयमा उद्दारका लागि निकाय गत भुमिका, पुर्व तयारी शिघ्र उद्दार गर्ने विषयलाई डेमो मार्फत प्रस्तुत गरिएको थियो।


कोभिड-१९ : शव व्यवस्थापनमा संलग्न व्यक्तिहरूले अपनाउनु पर्ने मापदण्ड
कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शवको व्यवस्थापन गर्ने क्रममा संलग्न व्यक्तिहरूले पालना गर्नुपर्ने मापदण्डहरु :
पूर्वतयारी
व्यक्तिगत सुरक्षा सामग्री लगाउने तरिका
परिवारलाई मृत्यु सम्बन्धी जानकारी
कोभिड-१९ को कारण मृत्यु भएका व्यक्तिको शव परम्परा अनुसार स्थानीय निकायले तोकेको स्थानमा नै विशेष सावधानी अपनाई अन्त्येष्टि गर्ने बारेमा जानकारी दिनु आवश्यक छ ।
शव सङ्कलन
ओसारपसार
व्यक्तिगत सुरक्षा सामग्रीको फुकाल्ने तरिका
संलग्न व्यक्तिहरूको स्वास्थ्य
नोट
मृत्यु पश्चात् कोभिड-१९ को प्रयोगशाला परीक्षण सम्बन्धी:
उपचारका क्रममा, आइसोलेसन, क्वारेन्टाइन वा घरमा रहदा कोभिड-१९ सँग मिल्दाजुल्दा लक्षण भई मृत्यु हुने व्यक्तिहरुको मृत्युको कारण कोभिड-१९ हो वा होइन भन्ने पत्ता लगाउनु पर्दछ । जसका लागि मृतकको स्वाब सङ्कलन गरी आर टि-पिसिआर परीक्षण गर्नु पर्दछ । परीक्षण पश्चात् नतिजा नपर्खिकनै सावधानीपूर्वक आ-आफ्नो परम्परा अनुसार मृतकको सद्गत गर्नु पर्दछ ।
नेपाल रेडक्रस सोसाइटी
ICRC

# कार्यालयबाट भएका केही अनुकरणीय कार्यहरु




१. कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको लागि कार्यालय परिसर मा **Free Wi-Fi Zone** को व्यवस्था गरिएको।

२. कार्यालय परिसरमा नियमीत सरसफाई गरी फोहोर व्यवस्थापनको पोस्टर सहितको डस्टविन राखिएको।




३. कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको लागि शुद्ध पिउने पानीको व्यवस्था गरिएको।




४. कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको लागि कार्यालयमा चार्जर स्ट्रेशनको व्यवस्था गरिएको ।



५. कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको बस्नका लागि गोल घर सहित प्रतिक्षालयमा **TV, Digital** नागरिक वडापत्रको समेत व्यवस्था गरिएको।





६. स्तनपान कक्षको व्यवस्था




७. कार्यालय परिसरमा साबुन पानीले हात धुने व्यवस्था





८. कार्यालयमा आउने सेवाग्राही तथा आगन्तुकहरुको अभिलेख राखि ज्वरो नाप्ने व्यवस्था

९. कोभिड-१९ को रोकथामका लागि जनचेतना मूलक सन्देश

१०. कार्यालय परिसरको रंगरोगन गरिएको।

११. कार्यालय परिसरमा विरुवाहरु रोपि हरियाली बनाईएको।





# इलाका प्रशासन कार्यालयबाट पुनः सेवा सुचारु





इलाका प्रशासन कार्यालय, लाप्चाने, प्रीति बाट इलाका प्रमुख द्वारा नागरिकता वितरण









यस कार्यालय अन्तर्गत रहेको इलाका प्रशासन कार्यालय, लाप्चाने, प्रीति केही समय देखि बन्द अवस्थामा रहेकोमा पुनः मिति २०७७/०६/२७ गते देखि सेवा सुचारु गरिएको छ । सुचारु लगतै आश्विन मसान्त सम्मा जम्मा २५९ वटा नागरिकता वितरण गरिएको छ । साथै उमाकुण्ड गाउँपालिका वडा नं. ३,४ र ५ का पदाधिकारीहरुसँग संयुक्त बैठक बसी व्यक्तिगत घटना दर्ताको अनुपात बढाउने, सामाजिक कुरीति, हिंसा, दुर्व्यवहार न्यूनीकरण सम्बन्धमा जनचेतना मूलक कार्यक्रम भएको ।

# जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) को विभिन्न संरचना/ सम्पर्क नम्बरहरु

## कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) रामेछापका पदाधिकारीहरुको नाम तथा सम्पर्क नम्बर

| नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|
| श्री रुद्रादेवी शर्मा | प्र.जि.अ. | ९८५४०५७७७७ |
| श्री दिवष अर्याल | जि.स.अ. | ९८५४०४०१०७ |
| श्री वेदप्रसाद अर्याल | स.प्र.जि.अ. | ९८५११७३४२६ |
| श्री विष्णु प्रसाद सापकोटा | प्रमुख सेनानी | ९८५११३६७८० |
| श्री बसन्त पाठक | प्र.ना.उ. | ९८५४०५५५५५ |
| श्री केशव राज प्याकुरेल | प्र.ना.उ. | ९८५१२०७९०७ |
| श्री धिरज बानिया | प्र.अ.अ. | ९८४१९०८०९६ |
| श्री विद्या खनाल | स्वास्थ्य प्रमुख | ९८५४०४४३५५ |
| डा. रोशन ग्वाछा | चिकित्सक | ९८५४०२३१४४ |

## जिल्ला स्तरीय निर्देशक समिति गठन

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| प्रमुख/अध्यक्ष, नगरपालिका/गाउँपालिका | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| प्रमुख सेनानी, नयाँ गोरख गण | सदस्य |
| प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय | सदस्य |
| स.प्र.ना.उ., स.प्र.ब. नेपाल | सदस्य |
| प्र.अ.अ., रा.अ.जि.का. | सदस्य |
| कार्यालय प्रमुख, स्वास्थ्य कार्यालय | सदस्य |
| डा. आनन्द प्र. आचार्य, जिल्ला अस्पताल | सदस्य |

## सल्लाकार समूह

- प्रतिनिधि सभा सदस्य, माननीय सांसद श्री श्यामकुमार श्रेष्ठ
- प्रदेश सभा सदस्य एवं आर्थिक मामीला तथा योजना मन्त्री, माननीय सांसद श्री कैलाश प्रसाद ढुंगेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री शान्ति प्रसाद पौडेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री रिता माझी

## कोभिड-१९ सम्बन्धी रोकथाम तथा उपचारको लागि जिल्ला एवं स्थानीय तहहरुको स्वास्थ्य संयोजकहरुको सम्पर्क नम्बर

| कार्यालय | संयोजकको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| स्वास्थ्य कार्यालय | श्री विद्या खनाल | ९८५४०४४३५५ |
| जिल्ला अस्पताल | डा. रोशन ग्वाछा | ९८५४०२३१४४ |
| मन्थली नपा | श्री केशव फुयाल | ९८५४०४०३४७ |
| रामेछाप नपा | श्री विष्णु कार्की | ९८५४०४३४०१ |
| लिखु तामाकोशी गापा | श्री जयप्रकाश राय | ९८४४२०१०६२ |
| सुनापति गापा | श्री प्रवल योञ्जन | ९८५११८७०८३ |
| उमाकुण्ड गापा | श्री दिपेन्द्र पैकारा | ९८५४०४००६५ |
| गोकुलगंगा गापा | श्री जागीर राय | ९८४९८५०३१५ |
| दोरम्बा गापा | श्री कमल भट्टराई | ९८४१२०८१७३ |
| खाँडादेवी गापा | श्री ओम प्रकाश श्रेष्ठ | ९८४४१४२०७५ |

## स्थानीय तहहरुको प्रमुख/अध्यक्षहरुको नामावली एवं सम्पर्क नम्बरहरु

| नपा/गापा | पद | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|
| मन्थली न.पा. | प्रमुख | श्री रमेश कुमार बस्नेत | ९८५१०४८४५८ |
| रामेछाप न.पा. | प्रमुख | श्री नरबहादुर थापा मगर | ९८५१११३८०२ |
| उमाकुण्ड गा.पा. | अध्यक्ष | श्री शेर ब. सुनुवार | ९८४३०८१८५१ |
| खाँडादेवी गा.पा | अध्यक्ष | श्री प्रेम ब. तामाङ | ९८५४०४०१६८ |
| गोकुलगंगा गा.पा. | अध्यक्ष | श्री खड्क सुनुवार | ९८५११७१३२५ |
| लिखुतामाकोशी गा.पा. | अध्यक्ष | श्री गोबिन्दबहादुर खड्का | ९८५१०९७७३९ |
| दोरम्बा गा.पा. | अध्यक्ष | श्री कमान सिंह तामाङ | ९८५४०४३९६९ |
| सुनापति गा.पा. | अध्यक्ष | श्री धावा लामा | ९८५४०४००४० |

# २०७७ साल भाद्र मसान्त सम्म भारत लगायत तेस्रो मुलुकबाट नेपाल आई क्वारेन्टिनमा रहेको व्यक्तिहरुको विवरण

| सि. न. | देश/मुलुक | मन्थली नगरपालिका | | रामेछाप नगरपालिका | | उमाकुण्ड गाउँपालिका | | खाँडादेवी गाउँपालिका | | गोकुलगंगा गाउँपालिका | | लिखु तामाकोशि गाउँपालिका | | दोरम्बा गाउँपालिका | | सुनापति गाउँपालिका | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | जम्मा |
| १. | दुबई | ० | १० | ३ | ७ | ० | २ | १ | ३ | ० | ५ | ० | ३ | ० | ७ | २ | ८ | ६ | ४५ | ५१ |
| २. | ओमन | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | १ | ४ | ५ |
| ३. | कतार | ० | ७ | ० | ३ | ० | १ | १ | ४ | ० | ० | ० | १ | ० | २ | ० | ० | १ | १८ | १९ |
| ४. | बहराईन | १ | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ३ |
| ५. | मलेशिया | ० | २ | ० | ४ | ० | ० | ० | ३ | ० | ३ | २ | ६ | ० | ० | २ | ८ | ४ | २६ | ३० |
| ६. | माल्दिभ्स | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ७. | कुबेत | २ | ९ | ० | ६ | ० | ० | १ | ० | ० | ० | ० | ४ | ० | २ | ० | १ | ३ | २२ | २५ |
| ८. | साउदी | ० | ८ | ० | ८ | ० | ० | ० | ६ | ० | ४ | ० | २ | ० | १ | ० | १ | ० | ३० | ३० |
| ९. | भारत | ६ | १३८ | १ | ६६ | १ | ५ | ५ | ४४ | २० | १०० | ९ | ८१ | १ | ९ | १ | ४ | ४४ | ४४७ | ४९१ |
| १०. | नेपाल | ० | ० | ६ | १५ | ४२ | १९ | १ | २ | १ | ४ | ० | २ | ० | ० | ० | ३ | ५० | ४५ | ९५ |
| ११. | जोर्डन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | १ |
| १२. | थाईल्याण्ड | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | २ |
| १३. | चिन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ |
| १४. | बंगलादेश | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | २ |
| १५. | ईजराईल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ |
| १६. | डेन मार्क | ० | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ३ |
| १७. | कोरिया | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | १ | १ |
| १८ | जापान | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | २ | २ |
| जम्मा | | ९ | १७७ | १३ | ११२ | ४३ | २७ | १० | ६२ | २१ | ११७ | ११ | १०२ | १ | २१ | ६ | ३१ | ११४ | ६४९ | ७६३ |

- हाल सम्म करेन्टाईनमा रहेको संख्या ७६३ जना
- हाल सम्म होम करेन्टाईनमा रहेको संख्या १६३ जना

**टोल फ्रि नं. १६६०४८५४११४**
स्वास्थ्य कार्यालय. रामेछाप

## कोभिड-१९ को सम्बन्धि विवरण

| क्र. स. | स्थानीय तह/ अस्पताल | क्वारेन्टिन वेड संख्या | क्वारेन्टिनमा रहेका व्यक्तिको संख्या | | | क्वारेन्टिनबाट फिर्ता भएको संख्या | आइसोलेसन वेड संख्या | Report Positive आएको | निको भएका | स्वाव संकलन संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | | | | |
| १ | जिल्ला अस्पताल रामेछाप | ० | ० | ० | ० | ० | १८ | ८ | | ८२ |
| २ | तामाकोशी अस्पताल | ० | ० | ० | ० | ० | १४ | ० | | ६१ |
| ३ | रामेछाप सामुदायिक अस्पताल | ० | ० | ० | ० | ० | ० | ० | | ० |
| ४ | मन्थली नगरपालिका | ११९ | ९ | १७७ | १८६ | १८८ | ३८ | ६० | २८ | ६४० |
| ५ | रामेछाप नगरपालिका | ९० | १२ | ११० | १२२ | १२० | १५ | २२ | ८ | २७६ |
| ६ | उमाकुण्ड गाउँपालिका | ५८ | ४३ | २७ | ७० | ७० | ५ | २ | ० | १९८ |
| ७ | खाँडादेवी गाउँपालिका | १२ | १० | ६१ | ७१ | ७१ | ७ | १ | ० | १४५ |
| ८ | गोकुलगंगा गाउँपालिका | ४९ | २० | ११८ | १३८ | ११५ | १० | २४ | २४ | २५३ |
| ९ | दोरम्बा गाउँपालिका | ३१ | १ | २१ | २२ | २२ | ५ | ३ | १ | ११६ |
| १० | लिखु तामाकोशी गा.पा. | १०५ | ११ | १०१ | ११२ | १०९ | ६ | १९ | १६ | १५३ |
| ११ | सुनापती गाउँपालिका | २६ | ६ | ३१ | ३७ | ३७ | ४ | ३ | २ | १०७ |
| जम्मा | | ४९० | ११२ | ६४६ | ७५८ | ७३२ | १०८ | १४२ | ७९ | २१४७ |

⇨ RDT परीक्षण गरिएको संख्या:- ८९२ जना (महिला १८० पुरुष ७१२) श्रोत: स्वास्थ्य कार्यालय

⇨ स्वाव परीक्षण प्रतिवेदन आउन बाँकी :-७६ जना

⇨ स्वाव परीक्षण Report Positive आएको:-१४२ जना

⇨ आइसोलेसनमा रहेका:- ० जना

⇨ स्वाव परीक्षण Report Negative आएको:-१९२९ जना

## जिल्लामा तयारी अवस्थामा रहेका एम्बुलेन्स विवरण

| स्थानीय तह | एम्बुलेन्स नं. | सम्पर्क नं. | निकाय |
|---|---|---|---|
| रामेछाप नगरपालिका | बा. २ झ १७५२ | ९७४४०१६३४० | श्री जिल्ला अस्पताल रामेछाप |
| | बा. ११ च. ९८९९ | ९८४१४७०७१९ | श्री गोठगाउँ स्वास्थ्य चौकी |
| | बा. १९ च. ३९२४ | ९८६१९९३६५१ | श्री साँघुटार स्वास्थ्य चौकी |
| | बा. २ झ ४४२२ | ९८४०६०८२५८ | श्री रामेछाप नगरपालिका |
| मन्थली नगरपालिका | बा. १० च. ४४४२ | ९८५४०४०१२८ | श्री रेडक्रस सोसाईटी मन्थली |
| | बा. १३ च. ५४८८ | ९८४४२४२१३६ | श्री तामाकोसी अस्पताल |
| | प्रदेश-३-०१-०२३ च ०४०२ | ९८६०६९८४७४ | श्री मन्थली नगरपालिका |
| | बा. १९ च. ३९१९ | ९८६९४१७१२६ | श्री गेलु चनखु संचालक समिति |
| | बा. २ झ ४४६२ | ९८६१३७७२३२ | श्री गेलु प्राथमिक स्वास्थ्य केन्द्र |
| | प्रदेश-३-०१-००२ झ ४९४४ | ९८४१७५२०५५ | फुलासी स्वास्थ्य चौकी |
| | बा. १९ च.३९२३ | ९८४४१४१६२९ | श्री दोरम्बा डडुवा फुलासी एम्बुलेन्स संचालक समिति |
| खाँडादेवी गाउँपालिका | प्रदेश-३-००२-५०३८ | ९८६३५२६८१९ | खाँडादेवी विकास कोष |
| गोकुलगंगा गाउँपालिका | बा १९ च २८३ | ९८४८९३४५५० | चुचुरे स्वास्थ्य चौकी |
| | बा. २ झ १०५७ | ९८६०५४९४२७ | श्री बेताली स्वास्थ्य चौकी |
| उमाकुण्ड गाउँपालिका | ज. १ झ. ४१२ | ९८६४३३४०७७ | श्री गुम्देल स्वास्थ चौकी |
| | ज. १ च. १६६९ | ९८४५१६६७१२ | श्री बाम्ती स्वास्थ्य चौकी |
| | ज. १ झ ४१४ | ९८१३८६२८३० | प्रिति स्वास्थ्य चौकी |
| | बा. १९ च ३९२० | ९८४६७७१०६४ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| लिखु तामाकोसी गाउँपालिका | बा. १० च ४४४४ | ९८६०१५८३०९ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| | बा. २ झ ४०१६ | ९८४८८५७७९४<br>९८४३४९१४३३ | श्री लिखु तामाकोसी गाउँपालिका |
| | बा. २ झ ४०१५ | ९८६०७१९१३७<br>९८६११८६९७९ | |

## COVID-19 Friendly एम्बुलेन्स

| निकाय | एम्बुलेन्स नं. | चालकको सम्पर्क नं. |
|---|---|---|
| जिल्ला अस्पताल | बा २ झ १७५२ | ९७४४०१६३४० |
| नेपाल रेडक्रस सोसाईटी | बा १० च ४४४२ | ९८६४००७२८० |
| मन्थली न.पा. (प्रा. स्वास्थ्य केन्द्र गेलु) | बा २ झ ४४६२ | ९८६१३७७२३२ |
| रामेछाप नगरपालिका | बा १२ च ५५५५ | ९८६०४४११२५ |
| रामेछाप नगरपालिका | ज १ च १०५१ | ९७४४०५९७९४ |
| सुनापति गा.पा (स्वास्थ्य चौकी) | बा २ झ ६७६ | ९८१३५३६९७७ |
| खाँडादेवी गाउँपालिका | बा १९ च ३९२२ | ९८४९७५६७४९ |
| उमाकुण्ड गाउँपालिका (गुम्देल स्वास्थ्य चौकी) | ज १ झ ४१२ | ९८६४३३४०७७ |
| दोरम्बा गाउँपालिका | बा २ झ ४२७५ | ९८४९४४१९८२ |
| गोकुलगंगा गाउँपालिका (रस्नालु स्वास्थ्य चौकी) | ज १ झ ४१३ | ९८६३९१३८८७ |
| लिखु तामाकोसी गाउँपालिका | बा २ झ ४०१५ | ९८६११८६९७९ |

## जिल्लास्तरीय Rapid Response Team (RRT)

| | |
|---|---|
| स्वास्थ्य प्रमुख श्री विद्या खनाल, स्वास्थ्य कार्यालय | संयोजक |
| चिकित्सक डा. रोशन ग्वाछा, जिल्ला अस्पताल | सदस्य |
| प.हे.न., श्री धन बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| खो.अ., श्री रामकृष्ण बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| उपसभापति, श्री रामविष्णु बस्नेत, नेपाल रेडक्रस सोसाइटी | सदस्य |
| स्वास्थ्य संयोजक श्री विष्णु बहादुर कार्की, रामेछाप नपा | सदस्य |
| सि.अ.हे.व.अ., श्री दिपेन्द्र नारायण श्रेष्ठ, रामेछाप अस्पताल | सदस्य |
| अ.न.मि. श्री ममता थापा, रामेछाप अस्पताल | सदस्य |
| ल्या.टे. श्री राजेश प्रसाद पाल, स्वास्थ्य कार्यालय | सदस्य-सचिव |

## आ.व. २०७७/७८ आश्विन महिनामा यस कार्यालय बाट प्रदान गरिएका सेवाहरु

| क्र.सं. | विवरण | परिणाम |
|---|---|---|
| १ | नेपाली नागरिकता प्रमाणपत्र नयाँ | २८९ |
| | प्रतिलिपी | १५० |
| | इलाका प्रशासन कार्यालय, लाप्चाने, प्रीति बाट जारी नेपाली नागरिकता प्रमाणपत्र नयाँ | २५९ |
| २ | नावालक परिचय पत्र | ७ |
| ३ | राहदानी द्रुत सिफारिस | ९० |
| | कार्यालयबाट सिफारिस | ५० |
| ४ | सिफारिस तथा प्रमाणित, | - |
| ५ | बजार अनुगमन | ४ |
| | कार्यालय अनुगमन | - |
| ६ | संस्था दर्ता | ३ |
| | संस्था नविकरण | ११ |
| ७ | मुद्दा दर्ता | २ |
| | फैसला | - |
| ८ | ठाडो उजुरी दर्ता | ३ |
| | ठाडो उजुरी फछ्यौंट | ३ |
| ९ | जिल्ला सुरक्षा समिति बैठक | ३ |
| | अन्तर जिल्ला समन्वय बैठक | २ |
| १० | जिल्ला विपद् व्यवस्थापन बैठक | १ |
| ११ | कोभिड सम्बन्धि बैठक (DCCMC) | २ |
| १२ | विपद् पीडित राहत वितरण | १५,०००/- |
| १४ | राजस्व संकलन | २,६१,५००/- |

### कोरोना भाइरस (कोभिद-१९) - कसरी आफु र अरुलाई बचाउने?

#### कोरोनाभाइरसका मुख्य लक्षणहरु क हुन्?



ज्वरो आउने



**नयाँ, लगातार खोकी** (एक घण्टा भन्दा धेरैको लागि खोक्नु वा २४ घण्टामा ३ चोटी भन्दा बढी खोकी लाग्नु। यदि तपाईलाई सामान्यतया खोकी छ भने, यो सामान्य भन्दा खराब हुन सक्छ)

#### कोरोनाभाइरसको लक्षण छ भने आफ्नो घरमै बस्नुस

- **अरूलाई बचाउन जीपी सर्जरी, फार्मेसी वा अस्पताल जस्ता ठाउँहरूमा नजाउनुहोस्**
- **घरमै बस्नु होस्**

तपाईलाई घरमा बस्दा बिरामी भएर गारो भयो वा तपाईंको अवस्था झन् खराब हुँदै जान्छ भने -

- **१११ मा फोन गरेर (एन एच एस ) कोरोनाभाइरस सेवा प्रयोग गरी पत्ता लगाउनुहोस् र स्वास्थ्य सल्लाह लिनुहोस् ।**

#### कोरोना भाइरस फैलिनबाट रोक्न के गर्नु पर्छ?

- यदि तपाईंमा (कोभिद-१९) कोरोनाभाइरसका लक्षणहरू छन् भने वा यदि तपाई कसैसँग बस्नुहुन्छ जसमा कोरोनाभाइरसका लक्षणहरू छन् भने आफ्नो घरमै बस्नुस ।

**यसलाई (सेल्फ-एसोलेशन ) अर्थात् अरु बाट टाढा र छुट्टै बस्ने भनिन्छ। सेल्फ-एसोलेशन मा बस्दा तपाईले गर्नु पर्ने कुरा हरु -**

- एकदमै जरुरी र आपत नपरे सम्म कतै पनि यात्रा नगर्नु होस।
- दिनको एक चोटि व्यायाम बाहेक कुनै कारणले तपाईको घर बाहिर नजानु होस। बाहिर गएमा अन्य व्यक्तिबाट कम्तिमा २ मिटर टाढा बस्नुहोस्।
- खाना किन्न वा औषधि संकलन गर्न बाहिर नजानुहोस् - मिल्छ भने फोन वा अनलाइन मार्फत अर्डर गर्नुहोस् वा कसैलाई तपाईंको घरमा पठाउन भन्नुहोस्।
- तपाईंको घरमा पाहुनाहरू, जस्तै साथीहरू र परिवार नबोलौनु होस्

### कोभिड-१९ बाट सुरक्षित रहौं

**अत्यावश्यक काम नपरी बाहिर हिड्डुल नगरौं,**
**सार्वजनिक र कार्यस्थलमा जाँदा निश्चित दूरी कायम गरौं,**
**साबुनपानी वा स्यानिटाइजरले हात धुने गरौं,**
**मास्कको अनिवार्य प्रयोग गरौं ।**

# मिति २०७७ आश्विन २८ गते DCCMC बैठक बाट भएका निर्णयहरु



DCCMC बैठक

1. हाल सम्म जिल्लामा कोभिड-१९ संक्रमण पुष्टी १३४ भएको, ६७ जना निको भएका, ६७ जना आइसोलेसनमा बसेको समीक्षा गरियो ।
2. उद्योग बाणिज्य संघ, होटल व्यवसायी संघ, यातायात व्यवसायी, बैंक तथा वित्तीय संस्था, पेशा व्यवसायीहरुले सेवा प्रदान गर्दा भौतिक दूरी कायम गर्ने/गराउने, मास्क अनिवार्य गर्ने, साबुन पानी वा स्यानीटाइजरले हात धुने व्यवस्था कडाईका साथ पालना गर्ने/गराउने ।
3. जिल्लाका केशी स्थानमा रहेका विद्यालयमा स्थानीय तह तथा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार भौतिक उपस्थितिमा पठन-पाठन भएको बुझिन आएकोले नपाल सरकारबाट अर्को निर्णय/सूचना नभए सम्म पठन-पाठनका बैकल्पिक उपाय अपनाउने र भौतिक उपस्थितिमा विद्यालय खोली पठन पाठन गर्ने/गराउने कार्य बन्द गर्ने ।
4. जिल्लामा सञ्चालित विभिन्न हाइड्रो तथा विद्युत विकास परियोजनामा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि देहाय बमोजिम गर्ने ।
   क) स्थानीय कामदारबाट हुन सक्ने कार्यमा सकेसम्म बाहिरबाट कामदार नल्याउने ।
   ख) ल्याउनै पर्ने भएमा जिल्ला प्रशासन कार्यालय र सम्बन्धित पालिकालाई जानकारी गराई आयोजना स्थल भित्र क्वारेन्टिनमा राखी सो पश्चात मात्र काममा लगाउने ।
   ग) कोभिड-१९ संक्रमण पुष्टि भएका व्यक्तिलाई आयोजना स्थलमै Isolation मा राखी उपचार गर्ने, थप उपचार आवश्यक भएमा आयोजना अवस्थित जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालय र गन्तब्य जिल्लाको जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालयसँग समन्वय गरी उपचारको व्यवस्था मिलाउने।
   घ) संक्रमण भएका व्यक्तिको सम्पर्कमा आएका व्यक्तिलाई क्वारेन्टिनमा राखी Contact Tracing गर्ने।
   ङ) सरकारले तोकेको स्वास्थ्य सुरक्षाका मापदण्ड पालना नगराउने, संक्रमण पुष्टि भएका व्यक्तिहरु Isolation मा नराखी जथाभावी हिड्ने गरेको पाईएमा संक्रमक रोग ऐन, २०२० बमोजिम जिल्ला प्रशासन कार्यालयले कार्वाही गर्ने ।
5. कोभिड-१९ को रोकथाम तथा न्यूनीकरण गर्न स्थानीय तहका वडा अध्यक्षको संयोजकत्वमा स्वास्थ्य चौकीको प्रतिनिधि, प्रहरी चौकीको प्रतिनिधि, स्थानीय राजनीतिक दलको प्रतिनिधि, महिला स्वास्थ्य स्वयम सेविका र स्थानीय समाजसेवी रहेको कोभिड-१९ व्यवस्थापन र सहजीकरण समिति गठन गर्ने, समितिले प्रत्येक वडाको गाउँ टोलबाट टिमलिडर सहितको २/३ जनाको टीम गठन गरी देहाय बमोजिम गर्ने ।
   क) कोभिड-१९ परीक्षणबाट पोजेटिभ देखिएकालाई होम आइसोलेसन वा संस्थागत आइसोलेसनमा राख्ने ।
   ख) संक्रमितको सम्पर्कमा आएकालाई अन्यसँग घुलमिल हुन नदिने ।
   ग) लक्षण देखिएका विरामी र सम्भावित जोखिमको जानकारी स्वास्थ्य कार्यालयलाई दिने ।
   घ) स्वाव परीक्षण गरेका व्यक्तिको नतिजा नआउने समयसम्म निगरानी गर्ने ।
6. कोभिड-१९ को स्वाव परीक्षण गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको मापदण्डको पालना गर्ने ।
7. संक्रमणको जोखिम उच्च बढेकोले भेला आयोजना गरि गरिने राजनैतिक कार्यक्रम, दशैंका शुभकामना आदान प्रदान कार्यक्रम, राजनैतिक दल लगायत सबै संघ संस्थाहरुले स्थगन गर्ने ।

8. सार्वजनिक सभा, साधारण सभा, जुलुस, खेलकुद, पार्टी प्यालेस, हाटबजार, धार्मिक, सास्कृतिक भेला कुनै कार्यक्रम नगर्ने।
9. संक्रमित संख्या बढ्दै गएकोले लक्षण देखिएका बिरामीलाई संस्थागत Isolation मा राखी उपचार गर्ने र लक्षण नदेखिएकालाई सरकारले तोकेको मापदण्ड पुरा भएको होम आइसोलेसनमा राखी उपचार गर्ने, यसको लागि स्वास्थ्य कार्यालयको प्रतिनिधि र सम्बन्धित पालिकाको स्वास्थ्य टीमबाट अनुगमन गरी संक्रमित व्यक्तिलाई पूर्ण आइसोलेसनमा राख्ने व्यवस्था मिलाउने।
10. स्वाव परीक्षण गरेका व्यक्तिहरु परीक्षणको रिपोर्ट नआएसम्म सेल्फ Isolation मा अनिवार्य वस्ने, हिडडुल नगर्ने, अन्य व्यक्तिको सम्पर्कमा नआउने ।
11. विभिन्न कार्यालय, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्थाका कार्यरत कर्मचारीहरुलाई कोभिड-१९ संक्रमण पुष्टि हुँदा पूर्ण रुपमा कार्यालय बन्द नगरी न्यूनतम कर्मचारीबाट अत्यावश्यक सेवा दिने व्यवस्था मिलाउने ।
12. संक्रमितको संख्या दिनानुदिन बढेकोले जिल्ला अस्पताल तथा सबै स्थानीय तहलाई आइसोलेसनको क्षमता विस्तार गर्न अनुरोध गर्ने ।
13. संक्रमित व्यक्तिहरु सार्वजनिक तथा कार्यस्थलमा हिडडुल गर्ने, काममा जाने गरेको पाइएमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना नगर्ने व्यक्तिलाई संक्रमण रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ तथा प्रचलित कानून बमोजिम जिल्ला प्रशासन कार्यालयले कार्वाही गर्ने ।
14. नयाँ गोरख गणको परिसरमा ३० वेडको आइसोलेसन तयार भएको छ । सोमा सहयोग समाग्री प्रदान गर्ने रामेछाप न.पा. र मन्थली न.पा.लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।
15. संक्रमणको रोकथाम न्यूनीकरण गर्ने हामी सबैको जिम्मेवारी र कर्तव्य हो । आम नागरिकलाई जिम्मेवार बनाउने सूचना तथा सन्दर्भहरु सञ्चारमाध्यमहरुबाट प्रवाह गर्न अनुरोध गर्ने ।
16. नजिकिदै गरेको विजयादशमीको सम्पूर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं। यस वर्षको दशैं विगतका वर्ष जस्तो आफन्त र परिवारजनमा भेलाभई मनाउन सहज नभएकोले जो जहाँ छौं त्यहीबाट मनाउनु हुन अनुरोध छ ।

## Block A:

| सि.नं. | कार्यकक्ष | कोठा नं. | कैफियत |
|---|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | १ | दोस्रो तला |
| २. | पीए शाखा | १ | दोस्रो तला |
| ३. | सभाहल | | पहिलो तला |

## Block B:

| सि.नं. | कार्यकक्ष | कोठा नं. | कैफियत |
|---|---|---|---|
| १. | सहायक प्रमुख जिल्ला अधिकारी | २ | दोस्रो तला |
| २. | प्रशासकीय अधिकृत | ३ | प्रथम तला |
| ३. | नागरिकता/ राहदानी | ४ | प्रथम तला |
| ४. | मुद्दा शाखा | ७ | दोस्रो तला |
| ५. | प्रशासन शाखा | ५ | दोस्रो तला |
| ६. | लेखा शाखा | ६ | दोस्रो तला |

## Block C:

| सि.नं. | कार्यकक्ष | कोठा नं. | कैफियत |
|---|---|---|---|
| १. | राष्ट्रिय परिचय पत्र | १० | प्रथम तला |
| २. | सूचना केन्द्र | ९ | प्रथम तला |

# कोभिड-१९ को संक्रमणबाट सुरक्षित रहन "जनस्वास्थ्य मापदण्ड" सबैले पालना गरौं।




सबै किसिमका जमघट र मेलाहरुमा कम्तिमा २ मिटर(६ फिट) को दुरी कायम गरी बस्ने

कार्यालयमा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने ।





कार्यालयमा रहँदा समय- समयमा साबुन पानीले हात धुने वा स्यानिटाईजरको प्रयोग गर्ने ।

ज्वरो, रुघाखोकी तथा घाँटी दुख्ने समस्या भए तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।






हात नमिलाउने तथा अंकमाल नगर्ने ।

अत्यावश्यक काम नपरी अरुको कार्यकक्ष वा अन्य कार्यालयमा आवत जावत नगर्ने ।





अनावश्यक बस्त तथा सतहहरु नछुने ।

आँखा , नाक र मुखलाई अनावश्यक रुपमा नछुने ।





खोक्दा वा हाँछ्यु गर्दा रुमाल वा टिस्यु पेपरले मुख छोप्ने, उक्त सम्भव नभएमा कुहिनाले छोप्ने ।

सार्वजनिक स्थलमा जथाभावी नथुक्ने ।






सम्भव भएसम्म पैसाको कारोबार गर्दा विद्युतीय माध्यमबाट गर्ने ।

खानपिनको व्यवस्थापनमा विशेष ख्याल गर्ने ।





शौचालयलाई दैनिक दुई(२) पटक सफा गर्ने ।

धेरै प्रयोग हुने चिजहरु जस्तै ढोका, ह्याण्डल, टेबल इत्यादी निसंक्रमित (Disinfect) गरी प्रयोग गर्ने ।





सम्भव भएसम्म कार्यालयको काम भर्चुअल प्लेटफर्ममा गर्ने ।

यातायातका साधनमा सवार हुँदा दुरी कायम गरेर बस्ने ।



**नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, रामेछाप**

# जिल्ला प्रशासन कार्यालय रामेछापबाट प्रकाशित सूचनाहरु

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
मन्थली, रामेछाप

०४८-५४०३३३
०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

पत्र संख्या:-
चलानी नं.:-

(.................................फाँट

## जिल्ला प्रशासन कार्यालय रामेछापको

## जरुरी सूचना

(१६ असोज, २०७७)

मिति २०७७/०६/०१ गते बसेको जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्र (DCCMC) रामेछापको बैठकबाट निर्णय भए बमोजिम स्वास्थ्य सुरक्षा मापदण्ड पूरा गरेर खाद्य बस्तु, दुध, तरकारी, फलफूल, माछामासु, स्टेशनरी, इलोक्ट्रोनिक अन्य पसलहरु विहान ५:०० बजे देखि बेलुका ५:०० बजे सम्म सञ्चालन गर्ने भनिएकोमा आज मिति २०७७/०६/१६ गते बसेको जिल्ला सुरक्षा समितिको बैठकबाट मिति २०७७/०६/१६ गते देखि लागू हुने गरी उक्त पसलहरु विहान ५:०० बजे देखि बेलुका ८:०० बजेसम्म सञ्चालन गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

*साथै कुनै पनि पेशा, व्यवसाय, सेवा सञ्चालन गर्दा जनस्वास्थ्य मापदण्ड र सुरक्षा मापदण्ड पालना गर्ने/गराउने, सम्वन्धित व्यक्ति, निकाय/संस्थाको कर्तव्य हुनेछ। उपरोक्तानुसारको व्यवस्था गरिएको सुरक्षा मापदण्ड पालना भए/नभएको, पसल व्यवसाय सञ्चालन भए नभएको अनुगमन सम्वन्धित सेवा प्रदायक निकायबाट तथा गठित विभिन्न अनुगमन समितिबाट हुनेछ। सो अनुसार नभएको पाइएमा संक्रामक रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ तथा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ।*

2066/05/16

रूद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

Website:- daoramechhap.moha.gov.np, E-mail:- daoramechhap@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
०४८-५४०३३३
०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

# जिल्ला प्रशासन कार्यालय

मन्थली, रामेछाप

पत्र संख्या :-

चलानी नं :-

(.................................. फाँट

## जरुरी सूचना

( २० असोज २०७७)

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमणबाट यस जिल्लामा कुल संक्रमित संख्या ८१ पुगेको छ ।६३ निको भईसकेको र १८ आइसोलेशनमा उपचार भईरहेको छ ।संक्रमणको दर जिल्लामा बढ्दै गएको र यसबाट आगामी दिनमा समुदायस्तरमा तिव्र गतिमा फैलिने जोखिम उच्च भएको अवगत नै छ । यसै सन्दर्भमा हाललाई सवै प्रकारका नियमित पठनपाठन र परीक्षा संचालन अर्को सूचना जारी नभएसम्म संचालन नगर्ने/नगराउने सम्बन्धमा नेपाल सरकारबाट मिति २०७७/०५/२९ गते निर्णय भई जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्रले समेत मिति २०७७/०६/१ मा निर्णय भएको छ ।

यसरी अवरुद्ध शिक्षण सिकाईलाई वैकल्पिक माध्यमबाट निरन्तरता दिनका लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०६/०१ गतेको निर्णयबाट स्वीकृत विद्यालय शिक्षा सम्बन्धि आकस्मिक कार्ययोजना, २०७७ तथा शिक्षा मन्त्रालयबाट स्वीकृत विद्यार्थी सहजीकरण निर्देशिका २०७७ स्वीकृत भएको र सो को कार्यान्वयनका लागि जिम्मेवार निकायको रुपमा स्थानीय तहहरुलाई तोकेको विषय जानकारी नै छ । विद्यालय र क्याम्पसका प्रत्यक्ष सिकाईका गतिविधिहरु नियन्त्रण गर्नुको उद्देश्य शिक्षक, विद्यार्थी, अभिभावक र समुदायमा हुन सक्ने संक्रमण नियन्त्रण कै लागि हो । जिल्ला प्रशासन कार्यालयबाट अनुगमन गर्दा सिकाई प्रक्रियामा मापदण्डको पूर्ण रुपमा पालना भएको नदेखिएकोले सचेत गराईएको छ र जिल्लाका अन्य पालिकामा समेत स्वीकृत कार्ययोजना र निर्देशिका विपरीत प्रत्यक्ष सिकाई विधि अवलम्वन गरी विद्यार्थीहरुमा संक्रमणको जोखिम देखिएको बुझिन आएको छ । यस्ता गतिविधिबाट विद्यार्थीहरु, परिवार र समुदायमा संक्रमण फैलिने, मनोवैज्ञानिक त्रासको वातावरण सिर्जना हुने, स्वास्थ्यमा समेत प्रतिकुल असर परी ठूलो धनजनको क्षति हुन सक्ने भएकोले सम्पूर्ण शैक्षिक संस्थाहरु, अभिभावक, स्थानीय तह र आम समुदायहरुमा स्वास्थ्य सुरक्षाका मापदण्को पूर्ण परिपालना गर्नु/गराउनु भई संक्रमण नियन्त्रण तर्फ लाग्नु हुन र जोखिम बढाउने गतिविधि नगर्ने/नगराउने व्यवस्था मिलाउन अनुरोध गरिन्छ । साथै सामुदायिक संस्थागत विद्यालय संचालन गरी संक्रमण फैलिएमा सो को जिम्मेवारी विद्यालय र सम्बन्धित निकाय रहने व्यहोरा जानकारी गराउँदै उल्लेखित जोखिम बढाउने काम कारवाही गरे/गराएको पाइएमा प्रचलित कानून अनुरुप हुने व्यहोरा सूचित गरिन्छ ।

७७/०६/२०

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

Website:- daoramechhap.moha.gov.np, E-mail:- daoramechhap@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मन्थली रामेछाप
फोन: ०४८-५४०३३३, ०४८-५४०१३३, ०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८, ०४८-५४०५०१

पत्र संख्या:-
चलानी नं.:-

(................................फाँट

मिति:- २०७७/०६/२७

## जरुरी सूचना

नेपालभर कोरोना संक्रमितको वृद्धिसँगै रामेछाप जिल्लामा पनि कोरोना संक्रमितको संख्या बढी रहेको छ । जिल्लाको विभिन्न स्थानीय तहहरुबाट स्वाव संकलन गरी PCR परीक्षणको लागि प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला धुलिखेलमा पठाईएकोमा आज मिति २०७७ आश्विन २७ गतको प्राप्त नतिजा अनुसार तपसिलका बमोजिम २३ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ ।

तपसिल

| क.स. | स्थानीय तह | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | मन्थली न.पा-१ | १० जना (वर्ष ४५, ३९, २६, १३, ३५,२४, ३६, १५, ५४ र २८) | ७ जना (४९, ४६, १९, ३२, २४, २४ र ५८) | १७ | मन्थली न.पा.कार्यालय-२, विद्युत प्राधिकरण-१, राष्ट्रिय बाणिज्य बैंक-१, व्यवसायी-२, तामाकोशी बोडिङ्ग-१, प्राथमिक स्वास्थ्य केन्द्र-१ र अन्य |
| | मन्थली न.पा.-८ | | १ जना (वर्ष ७१) | | |
| | मन्थली न.पा.-१२ | | २ जना (दवै जनाको वर्ष २१) | २ | लिखु हाइड्रोपावर-२ |
| २. | लिखु तामाकोशी गा.पा.-१ | १ जना (वर्ष ३४) | | १ | |
| | लिखु तामाकोशी गा.पा.-६ | | १ जना (वर्ष ३९) | १ | |
| ३. | सुनापति गा.पा.-५ | | १ जना (वर्ष ३४) | १ | |
| जम्मा | | ११ | १२ | २३ | |

कोभिड-१९ को रोकथाम तथा न्यूनीकरणमा सम्वद्ध निकायको वारम्वारको प्रयास सहयोगको वावजुद पनि संक्रमण बढ्नु स्वयं आफैमा चुनौतीपूर्ण बनेको छ । संक्रमण पुष्टी भएकालाई आइसोलेसनमा राख्ने कार्य भएको र सम्पर्कमा आएकाको Contact Tracing गर्ने कार्य भएको छ ।

- कोभिड-१९ को संक्रमण पुष्टि भएका व्यक्तिको सम्पर्कमा आएका व्यक्तिहरु लक्षण देखिएका व्यक्तिहरु स्वास्थ्य कार्यालयको सम्पर्कमा आई परीक्षण गरौं/गर्न लगाऔं ।
- अत्यावश्यक काम नपरी घर बाहिर घुमफिर नगरौं, बजारमा सामान खरिद गर्दा भिडभाड नगरौं ।
- सबै सरकारी कार्यालय, गैर सरकारी कार्यालय, बैंक वित्तीय संस्था, उद्योग बाणिज्य संघ, यातायात व्यवसायीहरु, होटल व्यवसायी संघ, निजी, संघ/संगठन तथा सबै सेवा प्रदायक निकायले उच्च सर्तकता अपनाई पूर्ण रुपमा स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गरी/गराई सेवा प्रवाहको व्यवस्था गरौं ।
- आफू सुरक्षित रहौं र अरुलाई पनि सुरक्षित वनाऔं ।

सहायक प्रमुख जिल्ला अधिकारी

Website:- daoramechhap.moha.gov.np, E-mail:- daoramechhap@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, रामेछाप
फोन नं. ०४८-५४०३३३, ५४०१३३, ५४०३७०, फ्याक्स नं. ०४८-५४०५०१, ५४००८८
Email: daoramechhap@gmail.com, Web: daoramechhap.moha.gov.np टोलफ्री नं. १६६०४५५४८८८